<u>बैठक संख्या:१</u>

आज मिति २०८०।०४।३१ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य |

बैठक मिति :२०८०।०४।३१

<u>निर्णयहरु</u> :

१. **"घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्वन्धमा ।**

"घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र प्राप्तीको लागि विभिन्न मितिमा यस कार्यालयमा निवेदन दिएका फर्महरु मध्ये शिवराज नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि कार्यविधि,२०७५ को दफा २ को उपदफा(२) बमोजिम गठित छानविन समितिले निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्नको लागि योग्यता पुगेका भनि सिफारिस गरेका देहायबमोजिमका फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र प्रदान गर्ने निर्णय गरियो।

<u>तपसिल</u> :

क. खनाल सन्स बिल्डर्स एण्ड एसोसियट्स, शिवराज-५ कपिवस्तु ।

ख. विश्वकर्मा निर्माण सेवा, शिवराज-५ कपिलवस्तु ।

२. **आ.व.२०७९/०८० को सडकबोर्ड नेपालको योजनाको रकम भुक्तानी सम्वन्धमा।**

यस नगरपालिकालाई सडकबोर्ड नेपालबाट प्राप्त हुने समपूरक म्याचिङ्ग योजना अन्तर्गत गत आ.व.२०७९/०८० मा यस नगरपालिका र राधारोशन निर्माण सेवा बिच रु.६५,२८,६८९/- को ठेक्का सम्झौता भई कार्य सम्पन्न भएकोमा उक्त योजना वापत यस नगरपालिकाको श्रोतबाट भुक्तानी गर्नुपर्ने ३० प्रतिशत रकम गत आ.व.मा नै भुक्तानी गरिसकिएको तर सडकबोर्ड नेपालबाट निकासा हुनुपर्ने ७० प्रतिशत रकम गत आ.व.को असार मसान्त सम्म पनि निकासा नभई दायित्व सिर्जना भएकोमा सडकबोर्ड नेपालबाट चालु आ.व.को श्रावण महिनामा उक्त योजनाको रकम निकासा भई आएकोले भुक्तानी दिन बाँकी रकम रु.४५,६८,९५८/- चालु आ.व.२०८०/०८१ मा भुक्तानी गर्ने निर्णय गरियो ।

३. **आ.व.२०८०/०८१ को लागि दररेट विश्लेषण (Rate Analysis) स्वीकृत गर्ने सम्वन्धमा।**

चालु आ.व.२०८०/०८१ को लागि कायम भएको जिल्ला दररेटलाई नगर दररेट कायम गरी पूर्वाधार शाखाबाट तयार गरिएको आ.व.२०८०/०८१ को दररेट विश्लेषण (Rate Analysis) स्वीकृत गर्ने निर्णय गरियो।

४. **नागरिक सेवा प्रवाह केन्द्रमा कार्यरत कर्मचारीहरुको प्रोत्साहन सम्वन्धि कार्यविधि,२०८० सम्वन्धमा।**

सुशासन तथा संस्थागत विकास समितिबाट पारित भई आएको नागरिक सेवा प्रवाह केन्द्रमा कार्यरत कर्मचारीहरुको प्रोत्साहन सम्वन्धि कार्यविधि,२०८० सम्वन्धमा छलफल गरियो। उक्त कार्यविधि सम्वन्धमा थप अध्ययन तथा छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८०।०४।३१

५. घरनक्सा अभिलेखिकरण सम्वन्धमा ।

शिवराज नगरपालिकाको भवन निर्माण मापदण्ड,२०७७ को बुँदा नं.५१(४) अनुसार २०८० असार मसान्त सम्म निर्माण सम्पन्न भएका तर भवन संहिताका सर्तहरु पालना नभएको घरको हकमा मापदण्डमा तोकिए बमोजिम जरिवाना लिई अन्तिम पटकको लागि २०८० चैत्र मसान्त सम्मको म्याद दिई घरनक्सा अभिलेखिकरणको लागि सूचना प्रशासन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख